# लेखापरीक्षण प्रतिवेदन

## मध्यनेपाल नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मध्यनेपाल नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/136

श्रीमान् प्रमुखज्यू,

मध्यनेपाल  नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, लमजुङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यससैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/136

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान् प्रमुखज्यू ,
मध्यनेपाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
लमजुङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ४१ करोड ७३ लाख ४३ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ३९ लाख ०९ हजार (०.९८ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.५ लाख ४३ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.९ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.३७ लाख ९६ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.८५ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म रु.१९ करोड ११ लाख ८१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१८ करोड १६ लाख ४३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रबन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७० | १५९ | १,३९,०९,५४७ | ० | ६२ | ५,४३,८७४ | ० | ७० | ९७ | १,३३,६५,६७३ | ९,८९,४९४ | ३७,९६,३३० | ८५,७९,८४९ | ० | ० | १,२३,७६,१७९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | १९,११,८१,०४४ | ० | २,२९,०३,४८३ | १६,८२,७७,५६१ | ० | १,३३,६५,६७३ | १८,१६,४३,२३४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | स्थानीय भत्ता | ४,३३,७५५ |
| २ | २०८१/८२ | शिक्षा तर्फ | ३२,००० |
| ३ | २०८१/८२ | बैठक भत्ता | ६,३७५ |
| ४ | २०८१/८२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४२,९४० |
| ५ | २०८१/८२ | नयाँ मौरी पकेट विकास कार्यक्रम | १५,००० |
| ६ | २०८१/८२ | आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु | १३,८०४ |
| ७ | २०८०/८१ | सोतीपसल पाण्डेगाँउ जिताकोट सडक स्तरोन्नती | २५,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ८ | २०८०/८१ | बैठक भत्ता | ६,१२० |
| ९ | २०८०/८१ | फरक जिम्मेवारी | २,०७,८८,३०८ |
| १० | २०८०/८१ | पारिश्रमिक कर: | ८,२१७ |
| ११ | २०८०/८१ | पारिश्रमिक कर | १८,८९९ |
| १२ | २०८०/८१ | दैनिक भ्रमण भत्ताको अवधिमा वैठकमा उपस्थिति: | ८,००० |
| १३ | २०८०/८१ | दैनिक भ्रमण भत्ता | १७,६०० |
| १४ | २०८०/८१ | खरिद भन्दा बढी दरमा भुक्तानी | १,४२,८३० |
| १५ | २०८०/८१ | कार्यालय समयमा वैठक बसी भत्ता भुक्तानी: | २,५५० |
| १६ | २०७९/८० | वढी भुक्तानी | १,७८,९७६ |
| १७ | २०७९/८० | पाठ्यपुस्तक | १४,३९७ |
| १८ | २०७९/८० | नमुना विद्यालयतर्फ | १६,१७,५८६ |
| १९ | २०७९/८० | अग्रिम आयकर | ७५,००० |
| जम्मा | | | २,३४,४७,३५७ |

# मध्यनेपाल नगरपालिका, लमजुङ

# ( ८०४३७४०२३०० )

# मध्यनेपाल नगरपालिका , लमजुङ

# परिचय

१ **भूमिका**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ११३ वर्ग किलोमिटर तथा २१,९७१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हरेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०८ देखि २०८२।०५।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यस वर्षको आय-व्ययतर्फ रु.१ अर्ब ४१ करोड ७३ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,६३,८७२।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | स्थानीय भत्ता बढी भुक्तानी | ४६३८७२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

**एकीकृत वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | | चालु खर्च | ४१५३५५९४४.३ |
| क) नगद | | पूँजीगत खर्च | १२५१२७१२० |
| ख) संचित कोष बैंक | ७३५०८३४०.३४ | वित्तिय व्यवस्था भुक्तानी | ० |
| ग) विविध खर्च खाता बैक | २१००००० | | |
| घ) प्रकोप व्यवस्थापन कोष खाता बैंक | २७४८३.०६ | | |
| ङ) धरौटी बैक | १०६८९६५६.२६ | | |
| राजस्व ( आन्तरिक आय) | | क) ऋण भुक्तानी | |
| क) आन्तरिक राजस्व | ९८३९७०५.०२ | ख) ब्याज भुक्तानी | |
| ख) राजश्व बाँडफाँड संघ | ८१२९९४६७.४ | | |
| ग) राजश्व बाँडफाँड प्रदेश | १७०१४६५८.०९ | | |
| घ) राजस्व बाँडफाँड स्थानीय | ९२७०९७९.७३ | ग) अन्य भुक्तानी | |
| ग) अन्य आय | ० | विविध कोष खाता तर्फ | ० |
| वित्तिय हस्तान्तरण संघ | | विविध खर्च खाता | ४३६५००.८३ |
| क) वित्तिय समानीकरण अनुदान | ९०१०८३२० | प्रकोप व्यवस्थापन कोष खाता | ० |
| ख) सशर्त अनुदान | ३१७२१६५२५ | अन्य लगानी | |
| ग) समपूरक अनुदान | २५६८००० | धरौटी फिर्ता | २५०५४५५ |
| घ) विशेष अनुदान | ० | शसर्त अनुदान फिर्ता प्रदेश | ० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | शसर्त अनुदान फिर्ता संघ | १९०८९२८३.२ |
| क) वित्तिय समानीकरण अनुदान | १२४१९००० | अन्तर सरकारी अख्तियारीबाट खर्च | |
| | | प्रदेश समपूरक | १६०९००५ |
| ख) सशर्त अनुदान | ० | क सामाजिक सुरक्षा | १४६५४०२३३.५१ |
| ग) समपुरक अनुदान | ७८५३९८९ | ख) पर्यटन पुर्वाधार आयोजना | |
| घ) विशेष अनुदान | ० | ग) स्वास्थ्य क्षेत्र सूधार कार्यक्रम | १२०५००० |
| | | घ) राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमण आयोजना | |
| | | ङ) आन्तरिक मामिला तथा योजना मन्त्रालय | |
| | | मौज्दात | |
| अन्तर सरकारी अख्तियारीबाट प्राप्त | | क) संचित कोष मौज्दात | ६४६८०४०७.०६ |
| क सामाजिक सुरक्षा | १४६५४०२३३.५ | ख) धरौटी मौज्दात | ११६२४९४४.२७ |
| ख) पर्यटन पुर्वाधार आयोजना | | ग) विविध कोष खाता मौज्दात | ३६००००० |

| | | | |
|---|---|---|---|
| ग) स्वास्थ्य क्षेत्र सूधार कार्यक्रम | १२०५००० | घ प्रकोप व्यवस्थापन कोष मौज्दात | २७४८३.०६ |
| घ) राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमण आयोजना | | ङ) नगद मौज्दात | |
| ङ) आन्तरिक मामिला तथा योजना मन्त्रालय | | | |
| अन्य | | | |
| क) क्षेत्रीय शहरी विकास योजना | | | |
| ख) सडक बोर्ड नेपाल | ४७६२७७५ | | |
| ग) पर्यटन बोर्ड नेपाल | | | |
| घ) एन एन एस डब्लु ए | | | |
| विविध खर्च खाता | ४३६५००.८३ | | |
| विषयगत निकायबाट प्राप्त | | | |
| धरौटी आय | ३४४०७४३ | | |
| लगानीको साँवा फिर्ता | | | |
| कर्मचारी कल्याण कोष खाता आम्दानी | १५००००० | | |
| जम्मा | ७९१८०१३७६.२ | जम्मा | ७९१८०१३७६.२ |

२.१ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४,६५,४०,२३३।५१, स्वास्थ्य पूर्वाधारको रु. १२,०५,०००।- र सडक बोर्ड नेपालको रु. ४७,६२,७७५।- समेत रु. १५,२५,०८,००८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । सुत्र प्रणालीबाट सिर्जित एकीकृत प्राप्ति र भुक्तानीको विवरण अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १६,८५,२७,७८८।-, यस वर्षको भुक्तानी रु. १६,८४,४३,५२२।- र बैङ्क मौज्दात रु. ६,८०५।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षकोभुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) | ८६३२५४८० | ५३६९४८१०८ | ५४३४२५०२० | ७९९३९६३९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८६३२५४८० | ७०५४७५८९६ | ७११८६८५४२ | ७९९३२८३४ |
| **फरक** | **०** | **१६८५२७७८८** | **१६८४४३५२२** | **६८०५** |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र समेत गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको देखिएन । यसै गरी वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको, अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सोअनुसार नभएकोले सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित सिलसिलाबद्ध हुन नसकेको, स्रोत/साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । यसमा सुधार हुनु पर्दछ ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा यस पालिकामा आ.ले.प भएको भएतापनि चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

## ५ बजेट तथा कार्यक्रम

### ५.१ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

### ५.२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

## ५.३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

## ५.४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** (रु हजारमा) | **त्रैमासिक खर्च** (रु. हजारमा) | | | | **आषाढ महिनाको खर्च** (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १३५१२७ | ५७९८ | ९४२४ | २३६८१ | ९६२२४ | ५९५७३ |
| प्रतिशत | | ४.२९ | ६.९७ | १७.५२ | ७१.२१ | ४४.०९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष रु. १३ करोड ५१ लाख २७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५७ लाख ९८ हजार (४.२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ९४ लाख २४ हजार (६.९७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २ करोड ३६ लाख ८१ हजार (१७.५२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ६२ लाख २४ हजार (७१.२१ प्रतिशत), खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ५ करोड ९५ लाख ७३ हजार (४४.०९ प्रतिशत) खर्च देखिन्छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित रुपमा खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक वर्षको अन्तिम तथा आषाढमा अत्याधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ५.५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । नगरपालिकाले सोही अनुसार प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्नेमा आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ३५९ योजनामा बजेट विनियोजन गरेको छ -

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तर | १३८ | १७ | ३९ | ८२ |
| २. | वडास्तर | २२१ | ० | २ | २१९ |
| **जम्मा** | | **३५९** | **१७** | **४१** | **३०१** |

उपर्युक्त विवरणबाट पालिकाले धेरै संख्यामा साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुने, सञ्चालन लागत बृद्धि भई लागत प्रभावी नहुने तथा गुणस्तर नियन्त्रण गर्न कठीन हुने देखिन्छ। तसर्थ पालिकाले दीर्घकालीन प्रतिफल प्राप्त हुने गरी योजना छनौट तथा प्राथमिकीकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

## ५.६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | १८९०६०००।०० | १४१२७९७७।४० | २.६१ |
| २ | पूर्वाधार विकास | १३८०९००००।०० | १०५२४७१६५।०० | १९.४८ |
| ३ | सामाजिक विकास | ३७४१७९५०१।०० | ३३३९२६४०५।२६ | ६१.८० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपत | ३६५०००० | २६१०१११।०० | ०.४८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०९३६६९९९।०० | ८४४८२३६१।६६ | १५.६३ |
| **जम्मा** | | **६४४१९२५००।००** | **५४०३९४०२०।३२** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६१.८० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपतको सबै भन्दा घटीमा ०.४८ प्रतिशत रहेको छ ।

## ५.७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु. ७७ करोड ७५ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ५.८ खर्च विश्लेषण

नगरपालिकाको यस वर्ष कुल आन्तिरक आयबाट रु. ९८३९७०५।०२ राजस्व बाँडफाँट र अनुदानबाट रु १०७५८५१०४।०० समेत रु. ११७४२४८०९।०० आम्दानी भएकोमा चालु तर्फ रु. ४१५३५५९४४।०० र पूँजिगत तर्फ रु. १२५१२७१२०।०० समेत रु. ५४०४८३०६४।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ९८६६०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १००.२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.८ प्रतिशत चालु र २३.२ प्रतिशतमात्र पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ६ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२,५१,२७,१२०।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्दछ ।

## ७ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

### ८.१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, २१ कार्यविधि, ५ निर्देशिका र १ मापदण्ड लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

### ८.२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको २५ गरी कुल २६ विवाद दर्ता भएकोमा १८ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ९ सेवा प्रवाह

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| विवरण | निवेदन दर्ता | जम्मा |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | ५०१ | |
| मृत्युदर्ता | २०७ | |
| बसाईसराई दर्ता | १०५ | |
| विवाह दर्ता | २४१ | |
| सम्बन्धविच्छेद दर्ता | ४६ | |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | | - |
| कालोपत्रे सडक मर्मत | | - |
| ग्राभेल सडक निर्माण | | ८.५ किमि |
| ग्राभेल सडक मर्मत | | ५.४ किमि |
| सडक निर्माण | | २.१ किमि |

## १० संगठन तथा कर्मचारी व्यवस्थापन

### १०.१ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य सेवा तर्फ ४५ कर्मचारीहरुको तलब बापत रु. २,९८,३२,४२५।- खर्च लेखेको पाइयो । कानुन अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

### १०.२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको स्वीकृत दरवन्दी विवरण पेश भएन । लेखापरीक्षणको क्रममा माग गरिएको विवरण अनुसार प्रमुख प्रशाकीय अधिकृत सहित १६९ कर्मचारी कार्यारत रहेकोमा ९५ जना स्थायी र ७४ जना करारमा कार्यारत रहेको देखिन्छ । स्वीकृत संगठन संरचना उपलब्ध नभएको तथा संगठन तथा व्यवस्थापन संरचना समेत स्वीकृत नभएकोले कार्यारत कर्मचारीको उपयुक्तता तथा पर्याप्तता परीक्षण गर्न सकिएन । संगठन संरचना स्वीकृत गरी कार्यान्वियन गर्नुपर्दछ ।

### १०.३ दरबन्दी भन्दा बढी कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्ति गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्य तर्फ देहाय बमोजिमका पदमा दरबन्दी भन्दा ६ जना बढी कर्मचारी करारमा नियुक्त गरी यो वर्ष

रु. २०,७५,०००।- भुक्तानी गरेको पाइयो । यसरी ऐनको व्यवस्थाको प्रतिकूल दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| सि.नं. | पद | संख्या (जना) | मासिक तलब | वार्षक तलब |
|---|---|---|---|---|
| १ | अ हे व | ५ | २५००० | १६७५००० |
| २ | नेत्र सहायक | १ | ३०००० | ४००००० |
| **जम्मा** | | | | **२०७५०००** |

| | |
|---|---|
| अनियमित भएको | २०,७५,००० |

## १०.४ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कल्याण कोषमा गत वर्षको मौज्दात रु. २१,००,०००।- रहेकोमा यो वर्ष पालिका चालुबाट रु. १५,००,०००।- ट्रान्सफर गरेको समेत रु.३६,००,०००।- मौज्दात रहेको छ । उक्त कोषको सञ्चालन सम्बन्धी कानूनको व्यवस्था भएको देखिएन । कानून बमोजिम कोषमा रकम योगदान गर्ने र कर्मचारी कल्याण कोष सञ्चालनको लागि आवश्यक कानूनी व्यवस्था समेत गर्नुपर्दछ ।

## ११ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि अनुसार ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको म.ले.प.फा.नं. २७० को अनुसूची २) अनुसार २०८१ असार मसान्तमा देहायको अनुदान खर्च भई बाँकी रहेको रकम फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३१७२१६५२५।०० | २९८१२७२४१।८० | १९०८९२८३।२० |
| | विषेश | ०।०० | ०।०० | ०।०० |
| | समपुरक | १०४२१९८९।०० | १६०९००५।०० | ८८१२९८४।०० |
| | अन्य | ०।०० | ०।०० | ०।०० |
| **प्रदेश सरकार** | शसर्त | ०।०० | ०।०० | ०।०० |
| | विषेश | ०।०० | ०।०० | ०।०० |
| | समपुरक | ७८५३९८९।०० | ६२४४९८४।०० | १६०९००५।०० |
| | अन्य | ०।०० | ०।०० | ०।०० |
| **जम्मा** | | **३३५४९२५०३** | **३०५९८१२३१** | **२९५११२७२।२** |

## १२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन

निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

### १३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

### १४ नक्सा पास

स्थानीय सरकार सचांलन एन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका भवनका अभिलेख तयार गरी नक्सा पास गरेको तथा नयाँ भवन निर्माण कार्यमा नक्सा पास गर्ने कार्य अनिवार्य गरेको देखिएन । यस पालिकावाट नक्सा पास को कार्य सुरु गरेतापनि यसलाई अझ थप व्यवस्थित गरी पूर्ण कार्यान्वियनमा ल्याउनुपर्दछ।

### १५ विविध खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.व. मा विविध खर्चमा रु. ३० लाख २४ हजार रुपैँया विनियोजन गरेकोमा रु. ३० लाख १३ हजार ८ सय २० रुपैँया (९९.६६%) खर्च गरेको देखिन्छ । पालिकाले विविध खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

### १६ पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च

कार्यालयले सुचनामुलक तथा सेवाग्राहीलाई फलदायी हुने किसिमका मात्र सुचना प्रकाशन गर्नुपर्नेमा अत्याधिक मात्रामा शुभकामना/ विज्ञापन तथा सुचना प्रसारण वापत विभिन्न ३० वटा मिडिया/पत्रपत्रिका/संस्थाहरुलाई १४ लाख ९३ हजार रुपैँया भुक्तानी गरेको देखियो । उपयोगी र सन्देशमुलक किसिमका मात्र सुचना प्रकाशन गरि यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

### १७ विपन्न औषधी उपचार आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमवाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैंन । यस कार्यालयले पहिरो, आगलागी, स्वास्थ्य उपचार आदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एंव संघ संस्थालाई रु. १९ लाख ९८ हजार, ९ सय ३ रुपैँया आर्थिक सहायता स्वरुप वितरण गरेको छ ।आर्थिक सहायता सम्वन्धी कार्यविधि बनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

### १८ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### १९ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको (PAMS V१) मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको (PAMS V२) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा गरेको पाइएन । अनिवार्य रुपमा PAMS V२ मा अल्या हुन बाँकी जिन्सी मालसामानको आम्दानी बाँधी जिन्सी वार्षिक विवरणलाई अद्यावधिक गर्नुपर्दछ ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ।

२० **अध्ययन तथा परामर्श खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिम रु. ३४,८८,३१०।- लागतका ३ आयोजना प्रतिवेदन तयारीको कार्य परामर्श गराई प्रतिवेदन प्राप्त गरको छ । सो सम्बन्धमा निम्न व्यहोरा देखियो -

| **कार्य विवरण** | **खर्च रकम** |
|---|---|
| स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना | १४,९७,८१५।- |
| नगर यातायात गुरुयोजना | ९,९७,२२५।- |
| दौडिखोला माटेखेल पुलको आयोजना प्रतिवेदन तयारी | ९,९३,२७०।- |
| **जम्मा:** | **३४,८८,३१०।-** |

२०.१ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ। यस्तो खर्च गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा अध्ययन कार्यको लागि लाग्ने समय, पारिश्रमिक, जनशक्ति र शोधभर्ना हुने खर्चहरुको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट परामर्श सेवा खरिद गर्नुपर्दछ।

२०.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयको जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। नगरपालिकामा करार सेवामा समेत गरी १५ जना प्राविधिक कर्मचारी कार्यारत रहेको देखिन्छ। नगरपालिकाले उक्त कार्यहरु कार्यालयको जनशक्तिबाट हुन सक्ने नसक्ने सम्बन्धमा निर्णय गरेको देखिएन। कार्यालयको प्राविधिक जनशक्तिबाट हुन नसक्ने कार्य मात्र बाह्य परामर्शदाता मार्फत गराउनु पर्दछ।

२१ **आन्तरिक आय तर्फ**

२१.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२१.२ **राजश्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्षदेखि आन्तरिक राजश्व आम्दानीको अभिलेख सुत्रमा प्रणालीमा राख्न शुरु गरे तापनि वडा तथा नगरपालिकाले गरेको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) प्रमाणित गरी राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

२१.३ **आन्तरिक राजस्व अनुमान तथा असुली**

यो वर्ष नगरपालिकाले जम्मा रु. १४९०००००।– आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु. १३२२२४१५.६७ आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु. १६७७५८४.३३ (११.२६ प्रतिशत) घटी आम्दानी गरेको देखियो । नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेकोले राजस्व अनुमान यथार्थपरक रहेको मान्न सकिने अवस्था छैन । साथै बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले प्राप्त हुनु पर्ने सबै कर रकम असुली भएको छ भन्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३) अद्यावधिक गरी कर असुल गर्ने तथा करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याई कर लगाउनु पर्दछ ।

| कर शीर्षक | अनुमान | असुली |
|---|---|---|
| ११३१३ सम्पती कर | ७५००००.०० | ५३३०२९.१६ |
| ११३१४ भुमिकर/मालपोत | ३५०००००.०० | १५३६८९५.०० |
| ११३१७ वहाल कर | १००००००.०० | १२७१७९८.८७ |
| ११३१८ वहाल विटौरी कर | १०००००.०० | ०.०० |
| ११४५१ सवारी साधन कर साना सवारी | ०.०० | ११०००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ०.०० | ५०००.०० |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ०.०० | १५७८१.९० |
| ११६९१ अन्य कर | ५००००.०० | ३९४०१.०० |
| १४२१२ सरकारी सम्पत्ति विक्रीबाट प्राप्त रकम | ०.०० | ३८०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २०००००.०० | ४९९६५.०० |
| १४२२१ न्यायिक दस्तूर | ५००००.०० | ३०००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १०००००.०० | ५६००.०० |
| १४२२४ परीक्षा शुल्क | १०००००.०० | ४०६००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००००.०० | ११०००.०० |
| १४२४२ नक्सापास दस्तुर | ७०००००.०० | ५६७२८८.१० |
| १४२४३ सिफारिश दस्तुर | २२०००००.०० | २४४७६००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३०००००.०० | २००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०००००.०० | २७९९००.०० |
| १४२४९ अन्य दस्तुर | ५०००००.०० | २०५४००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००.०० | २९०००.०० |
| १४२६३ जलस्रोत सम्वन्धी अन्य दस्तुर | ०.०० | १०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ०.०० | ४५२८३३.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५००००.०० | १२०३१९३.५४ |
| १४५२९ अन्य राजस्व | १०००००.०० | ८१३०.०० |
| १४६११ व्यवसाय कर | १०००००.०० | २२७६५०.०० |
| १५१११ बेरुजु | ०.०० | ८६३२५४.४५ |
| जम्मा | १००००००००.०० | ९८४६५१०.०२ |

### २१.४ **राजस्व अनुमान**

नगरपालिकाले रू. १,००,०००।- राजस्व अनुमान गरेको वहाल बिटौरी शीर्षकमा शून्य , रु. ३,००,०००।- अनुमान गरेको व्यक्तिगत घटना दर्ता दस्तुरमा रु. २००।- तथा रु. १,००,०००।- अनुमान गरेको अन्य राजस्व शीर्षकमा रु. ८,१३०।- मात्र राजस्व सँकलन

भएको देखिन्छ ।अनुमान नगरेका राजस्व शीर्षकहरुमा समेत राजस्व असुली भएको अवस्था देखिएको छ । अनुमान गरेको रकम र बास्तविक असुल गरेको रकममा देखिएको अन्तरले नगरपालिकाले सम्भावित सबै स्रोत पहिचान गरी भरपर्दो तथ्याङ्कको आधारमा राजस्व अनुमान गरेको देखिएन । राजस्व अनुमान यथार्थपरक बनाउनु पर्दछ ।

### २१.५ अभिलेख व्यवस्थापन

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्नेमा राखेको देखिएन । तोकिएको नाकाबाट सम्झौता अनुसारको परिमाण भित्रमात्र उत्खनन् भएको यकिन गर्न यस्तो अभिलेख तयार गरी राख्नु पर्दछ ।

### २१.६ नदीजन्य पदार्थ उत्खनन् र विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । नगरपालिकाले यस बमोजिम आ.व. २०८१।८२ को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणीय मूल्याङ्कन तथा परिक्षण, आई ई ई गरी प्रतिवेदन लिएका मादी, रिस्ती, मिदिम र खहरेखोलाका देहायका स्थानमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने शर्तमा) विक्री गर्नसक्ने परिमाण यस प्रकार रहेको देखिन्छः

| सि.नं. | खोला/नदी | उत्खनन गर्न सकिने परिमाण घ.मि |
|---|---|---|
| | **मादी नदी** | |
| १ | पराजुली बेशी बाँउदी दोभान खण्ड | ३४८३.०० |
| २ | शीशाखोला घाट | ५११८.७५ |
| ३ | रिस्ती दोभान | १२४८.७५ |
| | **रिस्ती खोला** | |
| ४ | चर्दी दोभान देखि रिस्तीपुल खण्ड | १०३७.४० |
| ५ | सम्रीफेंददेखि चर्दी दोभान | ११६१.२३ |
| | **मिदिम खोला** | |
| ६ | झो.पु. देखि पम्प हाउससम्म | ४४७०.३८ |
| ७ | पम्प हाउसदेखि स्याउली बजार | ५२५८.९३ |
| ८ | खहरेखोला दोभानदेखि बरबोटे पुछारसम्म | ९९४.५० |
| | **जम्मा** | **२२७७२.९४** |

वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरिएका उल्लिखित ८ क्षेत्रबाट नगरपालिकाले वार्षिक सरदर ८लाख ३ हजार ४२९ घनफिट नदीजन्य पदार्थ उठाउन सकिने भए तापनि पालिकाले प्रकाशन गरेको चर्दीदोभान व्यासमार्ग खण्डको ठेक्कामा सीमाना विवादको कारण विक्री गर्न सकेको छैन । वातावरणीय प्रभाव मूल्याङ्कन अनुसारको परिमाणमा विक्री गर्ने वातावरण निर्माण गरी थप राजस्व आर्जन गर्न प्रयास गर्नु पर्दछ ।

### २१.७ सम्पत्ति कर

पालिकाको आर्थिक ऐन २०८० मा पालिका क्षेत्र भित्र सम्पत्ति कर लगाई असुल गर्ने उल्लेख छ । लेखापरीक्षणको लागि पेश गरेको आर्थिक विवरण अनुसार यो वर्ष नगरपालिकाले सम्पत्तिकर शीर्षकमा रु. ७५०००० अनुमान गरेकोमा रू. ५३३०२९ सँकलन गरेको छ । सम्पत्ति कर तिर्नुपर्ने करदाताको अभिलेख अद्यावधिक गरी कर भुक्तानीको लागि कार्यालयले करदातालाई जानकारी गराएको देखिएन । सभाले पारित गरेको आर्थिक ऐनअनुसार सम्भाव्य सबै करदाताबाट कर सँकलन गर्नुपर्दछ ।

२१.८ **व्यवसाय कर**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले निम्नानुसार लाभग्राहीको मृत्यू भइसके तापनि लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको देखिएकोले लाभग्राहीको लगत अद्यावधिक गरी बढी खर्च लेखेको रकम यकिन गरी असुल गर्नुपर्ने रु.

| क्र.सं. | परिचयपत्र नं. | नाम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | २००१०७०४००८६२ | बिष्णु माया धिताल | ४२६६ | २०८१।११।२८ मा मृत्यु भएको तेस्रो त्रैमासिक पुरै निकासा |
| २ | २०१२०२०२०५४५९ | सुक बहादुर गुरुङ | २४०० | २०८२।३।१२ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा भएको |
| ३ | १९८११२१५००१०२ | मन माया थापा | ३४६६ | २०८१।९।४ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै भुक्तानी भएको |
| ४ | २०२३०५२५००८८१ | हे माया गुरुङ | ७९८० | २०८१।१०।१ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा |
| ५ | २०११०६१७०३५२१ | गोविन्द बहादुर पडित क्षेत्री | १७५० | २०८२।३।१८ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा |
| ६ | २००१०७२५००५६२ | अमृत बहादुर शाही भन्ने अमृत बहादुर ठकुरी | १२८०० | २०८१।१२।२४ मा मृत्यू भएको चौथो त्रैमासिक सम्म पुरै निकासा |
| ७ | २००१०६१९००५२४ | राम माया परियार | ५३३३ | २०८१।११।२० मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा |
| ८ | २००००५१७०१७९३ | विष्णु माया पराजुली | ४५३३ | २०८१।८।२६ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा |
| ९ | १९८४०९०३००१२४ | झयाउरी घिमिरे | ५६०० | २०८१।११।१८ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा |
| १० | १९८५०४१००११४१ | मिठी भूजेल घर्तीँ | ४५३३ | २०८१।११।२६ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा |
| ११ | १९९१०८१५०१५७८ | धन कुमारी भट्टचन | ७४६६ | २०८२।२।६ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा |
| १२ | २००२०५११००६८३५ | लुदी माया गुरुङ | २०२६६ | २०८१।१०।२८ मा मृत्यू भएको चौथो त्रैमासिक सम्म निकासा |
| १३ | १९८९०४०११०२३४ | बुद्दि माया विश्वकर्मा | ५८६६ | २०८१।८।१६ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा |
| १४ | २००५०७१८००५३३ | बुद्दि माया कामी | ३६०० | २०८१।९।३ मा मृत्यु भएको दोस्रो त्रैमासिक पुरै निकासा |
| १५ | १९८६०७१४००३४४ | सम्सेर बहादुर रानाभा६ | ३२०० | २०८१।६।६ मा मृत्यू भएको प्रथम त्रैमासिक पुरै निकासा |
| १६ | २००६०३१८००७९५ | चिजा माया सार्की | ६०६५ | २०८१।११।२९ मा मृत्यू भएको तेस्रो त्रैमासिक र चौथोमा २०६५ बढी निकासा |
| १७ | २००००५०६०६८५२ | सन्त माया गुरुङ | १२३६९ | २०८१।११।४ मा मृत्यू भएको तेस्रो त्रैमासिक र चौथोमा ४९०३ बढी निकासा |
| १८ | २००४०७१००१४८१ | विवा रानाभाट | ३७३३ | २०८२।३।२ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा |
| १९ | १९९३०९१२००७६१ | सिंह बहादुर महत | ४२६६ | २०८१।८।२८ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा |
| २० | २००९०९१४०२१५५ | नर माया दुरा | ३७७३३ | २०८१।६।१७ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा |
| २१ | | सरस्वती साँखी | २७५० | २०८२।४।१३ मा लगत कट्टा |
| **जम्मा** | | | **१५९९७५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५९,९७५ |

३८.३ **अनुगमन तथा सुपरिवेक्षण**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ।

### ३८.४ डाटा शुद्धिकरण

प्रथम त्रैमासिक देखि चौथो त्रैमासिक सम्मको सामाजिक सुरक्षा निकासा कार्यालयले बैंक मार्फत विभिन्न मितिमा सेवाग्राहीको खातामा EFT मार्फत सामाजिक सुरक्षाको निकासा गरेको पाईयो । कार्यालयले सम्बन्धित शाखाबाट निकासाको प्रमाणित विवरण स्रेस्तामा राख्नु पर्नेमा राखेको देखिएन । अन्तिम त्रैमासिकसम्मको निकासा सन्दर्भमा कार्यालयले बैंकसंग समन्वय गरी डाटा शुद्धिकरण मार्फत बांकी रकम फिर्ता गर्नुपर्ने भएमा यकिन गरी उक्त रकम संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

### ३८.५ अद्यावधिक गर्ने

सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी कार्तिक मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ । सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो। लाभग्राहीको लगत अध्यावधिक गरिनु पर्दछ।

### ३८.६ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।

### ३९ हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने देहायका भवन निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समिति मार्फत् गराएको कार्यालय भवन निर्माण कार्य नियमसम्मत् नदेखिएको रु.

| भौ.नं.।मिति | कार्यक्रम | खर्च रकम |
|---|---|---|
| २८८-२०८२।३।१२ | वडाकार्यालय ट्रष्ट निर्माण-वडा नं. १० | ४८४२९९ |
| ३७१-२०८२।३।२४ | समिभञ्ज्याङस्वास्थ्य चौकी निर्माण | १७२५४३ |
| २९८-२०८२।३।१७ | वडाकार्यालय मर्मत सम्भार-वडा नं. ४ | १९०६१७ |
| ३१८-२०८२।३।१९ | वडाकार्यालय मर्मत सम्भार-वडा नं. १ | ३८७१७६ |
| ३८५-२०८२।३।२५ | पराजुलीवेशीशहरी स्वास्थ्य केन्द्र भवन निमार्ण | ३८७९४६ |
| **जम्मा** | | **१६२२५८१** |

| अनियमित भएको | १६,२२,५८१ |
|---|---|

४० **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४२ **गुणस्तर आश्वस्तता**

आयोजनाले तयार गरेक विड डकुमेन्टको General Condition of Contract मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परिक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । आयोजनाबाट गरिएका निर्माण कार्यमा निर्माण व्यवसायी वाट Quality Assurance Plan (QAP) पेश नभएको तथा पेस भएकोमा पनि आयोजनाबाट स्वीकृत हुन बाँकी देखियो । निर्माण व्यवसायीले पेश गरेको गुणस्तर नियन्त्रण योजना अनुसारका सवै गुणस्तर परीक्षण गराउन एवं परीक्षण आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण भएको सम्बन्धमा आस्वस्त हुन निर्माण व्यवसायी वाट स्पेशिफिकेशन अनुसारको Quality Assurance Plan (QAP) लिई सोअनुसारको विधि अनुशरण गरी निर्माण कार्य गराउने, संरचना निर्माण तथा स्तरोन्नति कार्यमा प्रयोग गरिने क्रंक्रिट, ग्याबियन, सववेस तथा बेसकोर्स लगायतमा सामग्री परीक्षण गराई अपेक्षित गुणस्तर कायम गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

४३ **कार्यसम्पन्न प्रतिवेदन पेश नभएको**

पाहार ट्रष्ट नेपाल, मध्यनेपाल नगरपालिका र रम्घा स्वाश्थ्य चौकी बीच रु. ७९७८४८०।९३ लागत अनुमान रहेको रम्घा स्वाश्थ्य चौकी भवन निर्माण गर्न त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतामा पाहार ट्रष्ट नेपालले रु. ३९९५०७६।९५, मध्यनेपाल नगरपालिकाले रु. २१५०००० र रम्घा स्वाश्थ्य चौकीले रु. १८५३४०४।५८ लागत व्यहोर्ने उल्लेख छ । सो सम्झौता अनुसार नगरपालिकाले रु.२१५०००० बरावरको सामग्री प्रतिस्पर्धात्मक विधिवाट रु.१९९०८०७ मा खरिद गरि हस्तान्तरण गरेको देखियो ।नगरपालिकाले सामग्री खरिदको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरे तापनि उक्त सामग्री उपयोग सम्वन्धमा अनुगमन गरी स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएको देखिने गरी सम्पूर्ण कार्यको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । भवन निर्माण कार्य सम्पन्न गराई सोको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९०,८०७ |

४४ **गुणस्तर परीक्षण खर्च**

ठेक्का नम्बर ०८१।८२।०२, कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई

स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण खर्च रू. २००००।०० भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

४५ **सँघीय सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान**

ठेक्का नं. ३। MNM।W।NCB।०८०।८१

**सडक निर्माण**

नगरपालिकाले संघीय सरकारबाट प्राप्त समपुरक अनुदानबाट ५० प्रतिशत र नगरपालिकाले ५० प्रतिशत खर्च गर्नेगरी भोर्लेटार/बाँङ्गे/नेटा/मालिका मन्दिर सडक निर्माण गर्न जीएमआर/आर्सभिन/ईन्फ्रा जेभीसँग २०८३।३।१८ सम्म सम्पन्न गर्ने गरी २०८१।३।२३ मा रू. २,९१,७५,६५२।७५ को खरिद सम्झौता गरेको छ । यो वर्ष गोश्वारा भौचर नं. १३।२०८२।३।२५र नगरपालिका पूजीगतको गोश्वारा भौचर नं. ००।२०८२।३।२५ बाट सडक निर्माण कार्यको पहिलो रनिङ विल रू. ३१,५३,८७६।- भुक्तानी भएको छ। उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

४५.१ **पेश्की जमानत**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ तथा निर्माण व्यवसायी जीएमआर÷ आर्सभिन । ईन्फ्रा जेभीसँग भएको खरिद सम्झौतामा निर्माण व्यवसायीले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक नियकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, सोकाम वापत राखिएको जमानत पुरै जफत हुने उल्लेख छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा पेश्की लिन निर्माण व्यवसायीले शर्त रहितको बैक ज्ञारेण्टी पेश गर्नु पर्ने प्रावधान अनुसार निर्माण व्यवसायीले पेश गरेको नबिल बैकको जमानतको आधारमा रू. ५१,३६,००० पेस्की दिएको छ । उक्त पेस्कीको बैक जमानतको म्याद १५ जुन २०२५ मा समाप्त भै सकेको देखियो । लेखापरीक्षणको क्रममा उक्त पेस्की जमानतको म्याद थप भएको प्रमाण पेश हुन आएन । जमानतको म्याद समाप्त भएको र कार्य प्रगति समेत न्यून रहेकोले पेस्की रकम जोखिममा परेको देखियो । अत: उक्त पेस्की रकम असुल गरी सो को प्रमाण पेस हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,३६,००० |

४५.२ **प्रोग्राम अपडेट**

कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.३ मा प्रत्येक ६० दिनभित्र कार्यक्रम कार्यान्वियन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) पेश गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू. ५०,००० रोक्का राखिने उल्लेख छ । सो बमोजिम निर्माण व्यवसायीले असार मसान्त सम्म ६ पटक अद्यावधिक कार्य तालिका पेश गर्नु पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले २०८२ असारमा १ पटक कार्यतालिका अद्यावधिक गरी पेस गरे तापनि तोकिएको समयमा अद्यावधिक आयोजना कार्यान्वियन तालिका पेश गरेको देखिएन । सम्झौता अवधिको ५० प्रतिशत समय व्यतित भए तापनि कामको वितीय प्रगति १०.८१ मात्र भएकोले न्यून प्रगति देखियो । नगरपालिकाले कार्यतालिका अनुसार निर्माण व्यवसायीले कामको प्रगति नगरेकोमा निजलाई सजक गराएको तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण व्यवसायीले अद्यावधिक कार्यतालिका पेश गरेको समेत दखिएन ।अत: निर्माण व्यवसायीबाट शर्त अनुसार ५ वटा प्रोग्राम आपडेटको रकम कट्टा गरी प्रमाण पेस गर्नु पर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

४६ **प्रदेश सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान**

ठेक्का नं. MNM।NCB।८१।८२।W।०१

**सडक निर्माण**

नगरपालिकाले प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानबाट ५० प्रतिशत र नगरपालिकाले ५० प्रतिशत खर्च गर्नेगरी बाँग्रेबेशी/ हाँडीखोला/निशान चौतारा सडक निर्माण गर्न निर्माण व्यवसायी बी आर एस कन्सट्रक्सनसँग २०८२।२।३० सम्म सम्पन्न गर्ने गरी २०८१।९।२ मा रू. १,२३,४१,७३९।८० को सम्झौता गरेको छ ।उक्त सडक निर्माण कार्यको अन्तिम बिल अनुसार रू. १,२२,६५,७३६।५५ को कार्य सम्पन्न भएको छ। उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

४६.१ **गुणस्तर परीक्षण खर्च**

कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायी बी आर एस कन्सट्रक्सनलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट गुणस्तर परीक्षण खर्च रू. ४०००० भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

४६.२ **छडको परिमाण गणनामा त्रुटी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले बाँग्रेबेशी ÷हाँडीखोला÷ निशान चौतारा सडक खण्डको चनौटे सेक्सनमा ५ मिटर चौडाईमा ४४ मिटर लामो ढलान गरेको नापी किताववाट देखिन्छ । डिजाईन तथा नापी किताव अनुसार सो स्थानमा १० एमएमको छड २०० एम एमको फरकमा राखेको देखिन्छ । उक्त डिजाईन तथा नापी किताव अनुसार उक्त ढलानमा फलामे छडको परिमाण देहायअनुसार १२६४.८ केजी मात्र हुनेमा छडको संख्या तथा प्रतिमिटर तौलको गणनामा त्रुटी गरी १९२२.३० केजी नापी किताबमा चढाई भुक्तानी दिएकोले वढी भुक्तानी दिएको ६५७.५० केजीको प्रति केजी रु. १०० ले हुने रू. ६५,७५० र सोमा थप गरि दिएको मूल्यअभिबृद्दि कर रू. ८५४७।५० समेत रू. ७४२९७।५० असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,२९७ |

४७ **प्रशासकीय भवन निर्माण**

यस पालिकाको प्रशासकीय भवन निर्माण कार्यका लागि कार्यालयले आ. व. २०७७।७८ मा रु. ४,५८,६४,८६२।७० (मू.अ.कर/ पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.४,२९,३७,५७८।- (६.३८ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी आरोग्य सुवेदी जे.भी. सँग मिति २०७७।९।२५ मा सम्झौता भई यो वर्ष गो.भौ.नं. ३-२०८१।६।१३ बाट आठौं तथा अन्तिम विलबाट रु. ४४,७७,८४०।– भुक्तानी भएको र हाल सम्म जम्मा रु. ४,०९,८१,९७६।- भुक्तानी भई मिति २०८१।३।२० (म्याद थप सहित) कार्य सम्पन्न भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

४७.१ **एज बिल्ट नक्शा पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस आ.व.

मा सम्पन्न भएको भवन ठेक्काको स्ट्यान्डर्ड बिडिङ्ग डकुमेन्टको GCC ७१.२ मा कार्यसम्पन्न प्रतिवेदन सहित एज बिल्ट नक्शा पेश गर्नु पर्ने उल्लेख भएकोमा एज बिल्ट नक्शा पेश भएको देखिएन।

४७.२ **सील तथा लिन्टेलको भाग नघटाएको**

नगरपालिका भवन निर्माण कार्यको गोश्वारा भौचर नं. ३-२०८१।६।१३ बाट निर्माण व्यवसायी अन्तिम विल रू. ४४,७७,८४०।- भुक्तानी दिएको देखियो। उक्त बिलसाथ सम्लग्न नापी किताबअनुसार भवनको गारोमा देहायअनुसार 8.८६ घनमिटर सिल तथा लिन्टेल ब्याण्डको परिमाण समावेश भएको देखिन्छ । सील वेण्ड र लिन्टेल वेण्डको छुट्टै नापी गरी भुक्तानी दिएको अवस्थामा भवनको ईटाको गारोको उचाई गणना गर्दा सिल र लिन्टेलले ओगटेको भाग घटाएर ईटाको गारोको परिमाणको रकम भुक्तानी दिनु पर्नेमा सिल र लिन्टेलको भागसमेत जोडी गारोको उचाईमा गणना गरेकोले बढी गणना भई ८.८६ घनमिटरको प्रति घनमिटर रू. १२००० ले हुने रू. १०६३२० र मूल्यअभिबृद्धि कर थप रू. १३८२१।६० समेत रू. १२०१४२ बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रू.

| विवरण | एकाई | लम्वाई | चौडाई | उचाई | जम्मा |
|---|---|---|---|---|---|
| **Ground Floor** | | | | | |
| ०.२३० मिटर चौडा गारो | घन मिटर | ९४.३४ | ०.२३० | ०.०७५ | १.६३ |
| ०.११० ईन्चको गारो | घन मिटर | ११४.०८९ | ०.११ | ०.०७५ | ०.९४ |
| **First Floor** | | | | | |
| ०.२३० मिटर चौडा गारो | घन मिटर | ९४.३४ | ०.२३० | ०.०७५ | १.६३ |
| ०.११० ईन्चको गारो | घन मिटर | ८०.४८४ | ०.११ | ०.०७५ | ०.६६ |
| **Second Floor** | | | | | |
| ०.२३० मिटर चौडा गारो | घन मिटर | ९०.१४२ | ०.२३० | ०.०७५ | १.५५ |
| ०.११० ईन्चको गारो | घन मिटर | ८३.०० | ०.११ | ०.०७५ | ०.६८ |
| **Third Floor** | | | | | |
| ०.२३० मिटर चौडा गारो | घन मिटर | ६६.८५ | ०.२३० | ०.०७५ | १.१५ |
| ०.११० ईन्चको गारो | घन मिटर | ७५.४४ | ०.११ | ०.०७५ | ०.६२ |
| **जम्मा** | | | | | **८.८६** |
| **दर प्रति घनमिटर** | | | | | **१२०००** |
| **जम्मा** | | | | | **१०६३२०** |
| **१३ प्रतिशत मु.अ.कर सहित** | | | | | **१२०१४१।६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,१४२ |

४८ **नगरपालिका पुँजीगत**

**चर्दीखोला मोटरेवल पुल निर्माण**

४८.१ कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च

वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट गुणस्तर परीक्षण खर्च रू. १०००० भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

४८.२ **वातावरण संरक्षण खर्च**

सडक विभाग द्वारा जारी सडक तथा पुलसम्बन्धी कार्यको स्पेशिफिकेशनको दफा १११ मा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक वातावरण संरक्षण सम्वन्धी तोकिएका कार्यहरुको छुट्टै नापी तथा भुक्तानी नगरिने उल्लेख छ । निर्माण व्यवसायीलाई कार्यालयले वातावरण सँरक्षण सम्वन्धी कार्यको विवरण तथा लागत अनुमान तयार ती कार्य गर्न आदेश दिएको प्रमाण तथा निर्माण व्यवसायीले सम्पादन गरेको वातावरण सँरक्षण अन्तरगतका कार्यहरुको नापी गरी नापी कितावमा चढाएको प्रमाणसमेत संलग्न नगरी विलमात्र पेस गरेको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीलाई वातावरण सँरक्षण शीर्षकमा व्यवस्था भएको प्रोभिजनल समबाट रू. ३००००० भुक्तानी दिएको देखियो । स्पेशिफिकेशन विपरित तथा कार्य सम्पादनको लागि भएको आदेश, कामको लागत अनुमान तथा नापी किताव जस्ता प्रमाणका कागजात वेगर भुक्तानी दिएको उक्त रकम असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,००० |

४८.३ **एजविल्ट नक्सा**

नगरपालिका र निर्माण व्यवसायी के बी सी ।प्रसाद जे.भी. बीच भएको सम्झौताको विशेष सर्तको जि सी सी ७१.२ मा कार्य सम्पन्न गरेको १ महिना भित्र निर्माण व्यवसायीले कार्यालयमा एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा रु. २०००० निजको भुक्तानीबाट कट्टा गरिने उल्लेख छ । निर्माण व्यवसायीले पुल निर्माण कार्यको सबै चरणको अवस्था देखिने गरी एजविल्ट नक्सा पेश गरेको देखिएन । अत: जमिन मुनी तथा सतहमा सम्पन्न निर्माण कार्य जुन रुपमा सम्पन्न भएको हो सो खुल्ने गरी एजविल्ट नक्सा पेस गराई कार्यालयले प्रमाणित समेत गरी सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा उक्त रकम असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

४९ **सडक बोर्ड तर्फ**

ठेक्का नं. ० – MNM।NCB।W।२०७९-८०

**सडक स्तरोन्नति**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले गोश्वारा भौचर नं. ३३७।२०८२।३।२१ बाट भदौरे खोला आमस्वारा कल्याण मा. वि. सडक स्तरोन्नती कार्य गर्ने निर्माण व्यवसायी चन्द्रकालिका कन्सट्रक्सन एण्ड ईन्जिनयरिङ सप्लायर्सलाई अन्तिम विल रू. ३३,६७,४२१।- भुक्तानी दिएको छ ।सो सम्वन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छ:

४९.१ निर्माण कार्यको पहिलो तथा अन्तिम ठेक्का बिलअनुसार प्रोभिजनल सम र मुल्यअभिबृद्धि कर समेत जम्मा रू. ३२८६७९१ को मात्र कार्य सम्पन्न भएको देखिन्छ । नगरपालिकाले गोश्वारा भौचर नं. ३३७।२०८२।३।२१ बाट रू. ३३६७४२१ भुक्तानी दिएकोले ठेक्का विलभन्दा बढी भुक्तानी दिएको रू. ८०६३० असुल गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,६३० |

४९.२ निर्माण व्यवसायीले बिमा निर्माण कार्य तथा तेस्रो पक्ष बिमा समेतको लागि रू. ३६०८३ बिमा प्रिमियमको बिल पेश गरेकोमा निजलाई प्रोभिजनल समबाट रू. ४०००० भुक्तानी दिएकोले बिलभन्दा बढी भुक्तानी दिएको रू. ३९१७ असुल गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९१७ |

४९.३ कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट गुणस्तर परीक्षण खर्च रू. १५००० भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

## ५० आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षणमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकोमा सो भएको पाइएन। आन्तरिक लेखापरीक्षणबाट कायम भएको निम्न व्यहोराहरू अन्तिम लेखापरीक्षण समेत कायम गरिएको छ।

### ५०.१ बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ५०.२ सम्झौता वेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाइ सहित श्रेस्ता राख्नुपर्ने तथा नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. १०८ मिति ०८१।०७।१३ मा कर्मचारी आतेजाते तथा कार्यालय सामाग्री ढुवानी गर्ने प्रयोजनको लागि विभिन्न समयमा भाडामा लिएका सवारी साधनको भाडा सम्झौता बेगर भुक्तानी भएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,००० |

### ५०.३ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाइ सहित श्रेस्ता राख्नुपर्ने तथा नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तपशिल गो.भौ.नं. तथा शिर्षकहरुमा बढी भुक्तानी भएको पाइएकोले सम्वन्धित उपभोक्ता समितिहरुवाट सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्तासमिति | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानीहुनुपर्ने | भुक्तानी भएको | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|
| १३-२०८१।७।१३ | वडा नं. ५ को सम्पूर्ण मोटरवाटो सरसफाई | २४२८२८ | २४०४२५ | १९२०८१ | १९४००० | १९२० |
| ३८-०८१।०८।२६ | वडा नं. ७ को एकिकृत मोटरवाटो मर्मत तथा सरसफाई | ४६७६२७ | ४६२६४६ | ३८३८६७ | ३८८००० | ४१३३ |
| ४४-०८१।०९।१७ | जिताटार सप्तधारा वडा कार्यालय सम्मको मोटरबाटो तथा नाला सरसफाई | १२२११५ | ११६९१८ | ९३५३४ | ९७००० | ३४६६ |
| ८१-०८१।११।२६ | अमिरबोटे नहर कल्भट निर्माण | ६६४२३ | ६३१५१ | ४५२२९ | ४८५०० | ३२७१ |
| **जम्मा** | | | | | | **१२७९०** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १२,७९० |
|---|---|

## ५०.४ **कन्टिजेन्सी रकम भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाइ सहित श्रेस्ता राख्नुपर्ने तथा नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । (गो.भौ.नं. ६२, ०८१।११।०४) वडा नं. ९ भित्रका बाटोहरु सरसफाई योजनामा रु १५०००० विनियोजन भएकोमा लागत अनुमान रु. १८४३४२.३४, कार्यसम्पादन रु १८३५९६.०८ भएको उक्त योजनाको उपभोक्ता समितिलाई कन्टिजेन्सी रकम रु. ४५०० कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु. १४९७४१ बाट खर्च लेखी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको कन्टिजेन्सी रकम रु. ४५०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,५०० |
|---|---|

## ५०.५ **बढी तलब भत्ता, ग्रेड भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५०.६ **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व एन २०७६ को दफा २८ (१) अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सि मालसामान भए ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ दाखिला नभएका जिन्सी मालसानहरुको विवरण निम्नानुसार रहेको छ ।

| गो.भौ. नं. | गो.भौ. मिति | खर्च शिर्षक/ कार्यक्रम | सामान | सामानको मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| १८३ | २०८२।०१।१६ | शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित श्री सम्झना मा.वि. लाई अनुदान | कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर लगायत कम्प्युटरजन्य सामान | २४२००५ | खर्च भएर नजाने सामानहरु खर्च भएर जाने जिन्सी खातामा दाखिला गरिएको । |
| | | | सोफा सेट, टेबल, अफिस चेयर, कार्पेट लगायत फर्निचर सामान | १८३२०१ | |
| | | | लाइब्रेरी जन्य सामाग्री तथा विभिन्न पुस्तकहरु | २५०००० | |
| १८८ | २०८२।०१।२२ | शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित श्री डढुवा दुर्छा मा.वि. लाई अनुदान | दराज, टेबल, अफिस चेयर, लगायत फर्निचर सामान | ९०४९२.६ | जिन्सी दाखिला नभएको |
| | | | कम्प्युटर, प्रिन्टर, ल्यापटप लगायत कम्प्युटरजन्य सामान | २३५००० | |
| | | | लाइब्रेरी जन्य सामाग्री तथा विभिन्न पुस्तकहरु | ३२५९७८ | |

५१ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जी एमआर- आर्शभीन इन्फ्रा जे भी लाई रु. ५१,३६,०००.०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो.भौ.न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|---|---|
| १ | १२/०५/२०८१ | ५ | भोर्लेटार बांग्रे नेटा मालिका मन्दिर सडक | जी एमआर- आर्शभीन इन्फ्रा जे भी | २५,६८,०००.०० |
| २ | १२/१९/२०८१ | ८ | भोर्लेटार बांग्रे नेटा मालिका मन्दिर सडक | जी एमआर- आर्शभीन इन्फ्रा जे भी | २५,६८,०००.०० |
| जम्मा | | | | | ५१,३६,०००.०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मध्यनेपाल नगरपालिका, लमजुङ , मध्यनेपाल नगरपालिका , लमजुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरिराम नागिला | २०८२-०५-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरोज पराजुली | २०८१-०४-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५०१,३६८ | ३,७९६,३३० | ८,६११,८४९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,९०९,५४७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५४३,८७४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,३६५,६७३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८६३२५४८० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०९८९२८४५ | चालु खर्च | ४१५३५५९४४ |
| प्रदेश सरकारबाट अनुदान | २०२७२९८९ | पूँजीगत खर्च | १२५१२७१२० |
| राजश्व बाँडफाँट | १०७५८५१०५ | वित्तीय/अन्य व्यवस्था | १७१३८५४७८ |
| आन्तरिक आय | ९८३९७०५.० | | |
| अन्य आय | १५७८८५२५२ | | |
| कुल आय | ७०५४७५८९६.० | कुल खर्च | ७११८६८५४२ |
| बाँकी मौज्दात | | ७९९३२८३४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६४,८५,४६,४६६.६२ | ५३,६९,४८,१०८.३७ | | ५३,६९,४८,१०८.३७ | ५४,५०,९३,०४०.८६ | | ५४,५०,९३,०४०.८६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६४,४४,५१,५००.०० | ५३,१५,७०,८६५.०४ | ० | ५३,१५,७०,८६५.०४ | ५३,८४,०१,७४८.०६ | ० | ५३,८४,०१,७४८.०६ |
| ११००० कर | ११ | ११,५१,२०,०००.०० | १०,६४,१५,३४२.९३ | ० | १०,६४,१५,३४२.९३ | १०,२२,३७,५८९.४२ | ० | १०,२२,३७,५८९.४२ |
| १३००० अनुदान | | ४६,८७,३१,५००.०० | ४१,४२,३०,३२०.८० | ० | ४१,४२,३०,३२०.८० | ४०,५१,१३,१०९.१३ | ० | ४०,५१,१३,१०९.१३ |
| संघीय सरकार | १२ | ४४,१४,१२,५००.०० | ३९,०८,०३,५६१.८० | ० | ३९,०८,०३,५६१.८० | ३८,६०,६५,२५५.१३ | ० | ३८,६०,६५,२५५.१३ |
| प्रदेश सरकार | १२ | २,२४,१९,०००.०० | १,८६,६३,९८४.०० | ० | १,८६,६३,९८४.०० | १,९०,४७,८५४.०० | ० | १,९०,४७,८५४.०० |
| अन्तरिक श्रोत | १२ | ४९,००,०००.०० | ४७,६२,७७५.०० | ० | ४७,६२,७७५.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १,०६,००,०००.०० | १,००,९८,०१७.८६ | ० | १,००,९८,०१७.८६ | १,३२,११,१७८.४९ | ० | १,३२,११,१७८.४९ |
| १५००० विविध प्राप्ति | | ० | ८,२७,१८३.४५ | ० | ८,२७,१८३.४५ | १०,६३,५१७.६० | ० | १०,६३,५१७.६० |
| ३२००० वित्तीय सम्पत्ति | | ५,००,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४०,९४,९६६.६२ | ५३,७७,२४३.३३ | | ५३,७७,२४३.३३ | ६६,९१,२९२.८० | | ६६,९१,२९२.८० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४०,९४,९६६.६२ | १९,३६,५००.३३ | ० | १९,३६,५००.३३ | २९,२६,५५०.८० | ० | २९,२६,५५०.८० |
| धरौटी | | ० | ३४,४०,७४३.०० | ० | ३४,४०,७४३.०० | ३७,६४,७४२.०० | ० | ३७,६४,७४२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६४,८२,८७,४६६.६२ | ५४,३४,२५,०२०.१५ | | ५४,३४,२५,०२०.१५ | ५३,२७,६८,२०६.०४ | | ५३,२७,६८,२०६.०४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६४,४१,९२,५००.०० | ५४,०४,८३,०६४.३२ | | ५४,०४,८३,०६४.३२ | ५२,७७,७४,४३९.८० | | ५२,७७,७४,४३९.८० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३३,१२,९९,०००.०० | २९,८३,६२,५६८.६८ | ० | २९,८३,६२,५६८.६८ | २८,२०,१३,०७२.०६ | ० | २८,२०,१३,०७२.०६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,३८,९३,०००.०० | १०,४७,७५,८६६.१४ | ० | १०,४७,७५,८६६.१४ | १०,८५,४३,९५२.७४ | ० | १०,८५,४३,९५२.७४ |
| २५००० सहायता (Subsidy) | १८ | ५४,५०,०००.०० | २९,५०,०००.०० | ० | २९,५०,०००.०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | २८,७०,०००.०० | २६,७७,०००.०० | ० | २६,७७,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४२,८०,५००.०० | ३८,९५,७८३.०० | ० | ३८,९५,७८३.०० | ३६,४३,५४६.०० | ० | ३६,४३,५४६.०० |
| २८००० अन्य खर्च | १८ | २७,००,०००.०० | २६,९४,७२६.५० | ० | २६,९४,७२६.५० | २०,७०,८७२.०० | ० | २०,७०,८७२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,३७,००,०००.०० | १२,५१,२७,१२०.०० | ० | १२,५१,२७,१२०.०० | १३,१५,०२,९९७.०० | ० | १३,१५,०२,९९७.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य | | ४०,९४,९६६.६२ | २९,४१,९५५.८३ | | २९,४१,९५५.८३ | ५३,२७,६८,२०६.०४ | | ५३,२७,६८,२०६.०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भूक्तानी | | | | | | | | |
| कोषहरु | | ४०,९४,९६६.६२ | ४,३६,५००.८३ | ० | ४,३६,५००.८३ | ७,९९,०६७.२४ | ० | ७,९९,०६७.२४ |
| धरौटी | | ० | २५,०५,४५५.०० | ० | २५,०५,४५५.०० | ४१,९४,६९९.०० | ० | ४१,९४,६९९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | २,५९,०००.०० | (६४,७६,९११.७८) | | (६४,७६,९११.७८) | १,२३,२४,८३४.८२ | | १,२३,२४,८३४.८२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,६३,२५,४८०.१७ | | ८,६३,२५,४८०.१७ | ७,४०,००,६४५.३५ | | ७,४०,००,६४५.३५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | २,५९,०००.०० | ७,९८,४८,५६८.३९ | | ७,९८,४८,५६८.३९ | ८,६३,२५,४८०.१७ | | ८,६३,२५,४८०.१७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७,९९,३९,६३९.३९ | | ७,९९,३९,६३९.३९ | ८,६३,२५,४८०.१७ | | ८,६३,२५,४८०.१७ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।